लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशन
☎ ०८६-४६०१४३
✉ sddopyuthan@gmail.com
www.sddopyuthan.lumbini.gov.np

# सामाजिक विकास डिभिजन कार्यालय

विजुवार, प्युठान

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर :-

प्रस्ताव पेश गर्ने बारेको सूचना

सूचना नं. ०१। २०८२/२०८३

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।१०।१९

यस कार्यालयको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम अन्तर्गत **घरेलु हिंसा पिडित महिलाको संरक्षण र पुनर्स्थापनाका लागि सुरक्षित आवास गृह सेफ हाउस संचालन तथा व्यवस्थापन सहयोग कार्यक्रम** प्यूठान जिल्लामा संचालनका लागि जिल्लास्तरीय सेवा केन्द्र छनौट गरी सो केन्द्र मार्फत कार्यक्रम संचालन गर्नुपर्ने भएकाले सम्बन्धित जिल्लास्तरीय सेवा केन्द्रहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (कार्यालय समय भित्र) यस कार्यालयमा तपसिल बमोजिमका कागजातहरु समेत संलग्न गरी प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

*संस्था छनौट प्रक्रियामा दरखास्तसंगै अनिवार्य बुझाउनु पर्ने कागजपत्र तथा अन्य विवरणहरु:*

ट) संस्थाको निवेदन
ठ) घरेलु हिंसा वा लैङ्गिक हिंसावाट प्रभावित महिलाका लागि सेवा प्रदान गरेको अनुभव सम्बन्धि कागजातको प्रतिलिपी,
ड) संस्था दर्ता नवीकरण, संस्थाको विधानको प्रतिलिपी,
ढ) प्रशासनिक र आर्थिक नियमावलीको प्रतिलिपी,
ण) गत आ. व. को वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,
त) प्रस्तावना पेश गर्ने सम्बन्धी संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपी,
थ) संस्थाको आफ्नै भवन भएकोमा सो को जग्गाधनी पुर्जाको प्रतिलिपी,
द) संस्था भाडामा रहेकोमा घरधनीसँगको सम्झौता पत्रको प्रतिलिपी,
ध) संस्था रहेको स्थानीय तहको सिफारिस।
न) लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) नेपाल बाट स्वीकृत "हिंसा प्रभावित महिलाका लागि सेवाकेन्द्र संचालन,व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि, २०८०" को दफा १२ बमोजिमका सेवा केन्द्रका लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी विवरण र सो विवरण प्रमाणित हुने कागजात,प्रमाण, फोटो समेतको प्रमाणित प्रतिलिपी।

(नोट : थप जानकारीका लागि "हिंसा प्रभावित महिलाका लागि सेवाकेन्द्र संचालन,व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि, २०८०" **sddopyuthan.lumbini.gov.np** वा **mosd.lumbini.gov.np** मा उपलब्ध छ।)

सम्पर्क नं. ९८५६८६०१४३

राम कर्ने पाल
नि. कार्यालय प्रमुख